# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रिय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ कार्तिक ५  गते

आयोगका पदाधिकारीहरूद्वारा गंगामाया अधिकारीसँग भेट

# अधिकारी परिवारको न्याय प्राप्तिका लागि आयोगले नेतृत्वदायी भूमिका खेल्ने

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्मा तथा सदस्यहरू प्रकाश वस्ती, सुदिप पाठक र गोविन्द शर्मा पौड्यालले बुधबार वीर अस्पताल पुगी गंगामाया अधिकारीको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको छ ।

सो अवसरमा अध्यक्ष अनुपराज शर्माले नेपाल सरकारले गंगामाया अधिकारीसँग 'शान्ति तथा पुनः निर्माण मन्त्रालय' मार्फत २०७१ साल असोज ३१ गते गंगामाय अधिकारीसँग व्यक्त गरेको प्रतिबद्धतालाई पूर्ण कार्यान्वयन गराउन र उहाँको न्याय प्राप्तिको अभियानमा आयोगले भूमिका  खेल्ने बताउनुभयो ।

कुराकानीका क्रममा आयोगका सदस्य सुदिप पाठकले नेपाल सरकारले गंगामाया अधिकारीसँग व्यक्त गरेको प्रतिबद्धतालाई मूर्त रूप दिन  तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा आयोगले नेतृत्वदायी भूमिका निर्वाह गर्ने जानकारी दिनुभयो ।

आयोगका अध्यक्ष तथा सदस्यहरूसँग कुराकानी गर्दै गंगामाया अधिकारीले आफ्ना छोराका हत्याराहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउन आवश्यक सहयोग गरिदिन आग्रह गर्नुभयो ।

यसैबीच, नेपाल सरकारले गंगामाया अधिकारीसँग गरेको प्रतिबद्धताअनुरूप उहाँको स्वास्थ्योपचार तथा हेरचाहका लागि दुइजना नर्सलाई चौबीसै घण्टा परिचालन गरिएको जानकारी वीर अस्पतालबाट प्राप्त भएको छ ।

सोही अवसरमा आयोगको टोलीले आमरण अनसनमा बसेका विश्वेश्वर सदा, कर्णबहादुर सिंह, लालसिंह बडाललगायतका द्वन्द्वपीडितहरूलाई भेटी आमरण अनसन स्थगत गरी मानव अधिकार तथा न्याय प्राप्तिका लागि अन्य कानुनी बाटो अवलम्बन गर्न आग्रह गर्नुभयो ।

***

आफ्नो छोरा कृष्णप्रसाद अधिकारीको हत्यारालाई कानुनी कारबाहीको माग गर्दै गोरखा जिल्ला फुजेल गाविस वडा नम्बर ७ निवासी नन्दप्रसाद अधिकारी र गंगामाया अधिकारी वीर अस्पतालमा आमरण अनसनमा बस्नुभएको थियो । यही क्रममा नन्दप्रसाद अधिकारीको २०७१ साल असोज ६ गते निधन भएको थियो ।


**फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल**

**Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,**

**Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org**

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


नेपाल सरकार तथा मानव अधिकारकर्मीहरूको आग्रहमा अनसनरत गंगामाया अधिकारीले २०७१ साल कात्तिक १ गते अनसन तोड्नुभएको थियो ।

तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले १९ वर्षीय कृष्णप्रसाद अधिकारीलाई हजूरबा र हजूरआमालाई भेटन गएको बेलामा २०६१ साल जेठ २३ गते चितवनको रत्ननगर नगरपालिका वडा नम्बर १ स्थित बकुलहर चोकबाट अपहरण गरी जेठ २४ गते हत्या गरेको थियो । घटनापछि मृतकका परिवारजनद्वारा केही व्यक्तिविरुद्ध किटानी जाहेरी दर्ता भएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगले कृष्णप्रसाद अधिकारी हत्यासम्बन्धी अनुसन्धान प्रक्रिया अघि बढाउन निर्देशन दिँदै २०७० साउन २३ गते प्रेस नोट जारी गरेको थियो । सोही विषयमा आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई २०७० साल साउन २८ गते पत्रचारसमेत गरेको थियो ।

यसअघि आयोगले उक्त घटनाको अनुसन्धान गरी दोषीउपर फौजदारी अभियोगमा कारबाही चलाउन र पीडित परिवारजनलाई क्षतिपूर्ति दिन नेपाल सरकारलाई २०६४ साल चैत २३ गते सिफारिस गरेको थियो ।

......................
वेदप्रसाद भट्टराई
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org